मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे
पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:00 बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर
मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २७ ❑ अङ्क १७३ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८३ असार २४ गते बुधबार ❑ 8 July 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।–


## गण्डकी प्रज्ञा प्रतिष्ठानको कुलपतिमा प्रा.डा.न्यौपाने

**पोखरापत्र संवाददाता**
पोखरा, २३ असार

गण्डकी प्रदेश सरकारले लामो समयदेखि रिक्त रहेको गण्डकी प्रज्ञा प्रतिष्ठानको नेतृत्व चयन गरेको छ । राजनीतिक कारणले करिब एक वर्षदेखि रिक्त रहेको प्रतिष्ठानको कुलपति, उपकुलपति, सदस्य सचिव तथा प्राज्ञ सदस्यहरूको नियुक्ति मंगलबार टुंग्याइएको हो ।

प्रदेशसरकारकोनिर्णयअनुसार प्रतिष्ठानको कुलपतिमा प्रा.डा. कुसुमाकर न्यौपाने, उपकुलपतिमा शंकर विरही गुरुङ र सदस्य सचिवमा मनकुमार श्रेष्ठ नियुक्त हुनुभएको हो । नवनियुक्त कुलपति प्रा.डा. न्यौपाने लोकसाहित्यका अध्येता तथा अनुसन्धानकर्ता हुनुहुन्छ । उहाँले लोकसाहित्य विषयमा विद्यावारिधि गर्नुभएको छ भने पृथ्वीनारायण क्याम्पसका पूर्वप्राध्यापक पनि हुनुहुन्छ । पर्वतको पैयूँ गाउँपालिका स्थायी घर भएका उहाँ हाल पोखरामा बसोबास गर्दै आउनुभएको छ ।



उपकुलपतिमा नियुक्त शंकर विरही गुरुङ लोकदोहोरी गायन तथा सिर्जनाका क्षेत्रमा परिचित व्यक्तित्व हुनुहुन्छ । स्याङ्जा स्थायी घर भएका उहाँ लामो समयदेखि पोखरालाई कर्मथलो बनाएर साहित्य तथा सांगीतिक क्षेत्रमा सक्रिय रहँदै आउनुभएको छ । सदस्य सचिवमा नियुक्त मनकुमार श्रेष्ठ प्रतिष्ठानका संस्थापक सदस्य सचिव समेत हुनुहुन्छ । यसअघि पनि सोही जिम्मेवारी सम्हाल्नुभएका श्रेष्ठलाई प्रदेश सरकारले पुनः सदस्य सचिवको जिम्मेवारी दिएको हो । तनहुँको भानु नगरपालिका-८ स्थायी घर भएका उहाँ हाल पोखरामै बसोबास गर्दै आउनुभएको छ ।

त्यसैगरी प्रदेश सरकारले प्रतिष्ठानका प्राज्ञ सदस्यमा रामभक्त जोजिजु, अनुराग अधिकारी, ईन्द्रमान खत्री, प्रा.डा. ईश्वरचन्द्र वाग्ले, कमलप्रसाद पौडेल (अथक), कृष्णकुमार गुरुङ, गायत्री पराजुली, चोलेन्द्र पौडेल, टुकादेवी पौडेल आचार्य, पवित्रा घिमिरे, बाबुराम बस्ताकोटी, बालकाशी गुरुङ, भुपेन्द्र बानियाँ, रामजीप्रसाद पौडेल, वसन्त अधिकारी, डा. बिरेन्द्र पुडासैनी, शान्ता बास्तोला, सञ्जु महतो थनेत र हरिमाया श्रेष्ठलाई मनोनयन गरेको छ । गण्डकी प्रदेशका मुख्यमन्त्री तथा प्रतिष्ठानका संरक्षक सुरेन्द्रराज पाण्डेले सामाजिक विकास युवा तथा खेलकुद मन्त्री रेखा गुरुङको संयोजकत्वमा रहेको सिफारिस समितिको सिफारिसका आधारमा पदाधिकारी तथा प्राज्ञ सदस्य नियुक्त गर्नुभएको मुख्यमन्त्रीको सचिवालयले जनाएको छ ।

नियुक्त पदाधिकारी र प्राज्ञ सदस्यहरूको कार्यकाल चार वर्षको रहनेछ । यसअघि प्रतिष्ठानमा सूर्य खड्का 'बिखर्ची' कुलपति रहनुभएको थियो । उहाँको कार्यकाल सकिएपछि करिब १३ महिनादेखि प्रतिष्ठानको नेतृत्व रिक्त रहँदै आएको थियो । यसपटकको नियुक्तिमा सरकारमा रहेका नेपाली कांग्रेस र नेकपा एमालेबीच राजनीतिक सहमतिअनुसार जिम्मेवारी बाँडफाँट गरिएको बताइएको छ ।

## पोखरामा १ सय ५३ प्रजातिका चरा भेटियो

**पोखरापत्र संवाददाता**
पोखरा, २३ असार

पोखरा महानगरपालिका र पोखरा पंक्षी समाजले प्राकृतिक पदयात्रा तथा चरा पर्यटनको दीर्घकालीन विकासका लागि बेगनास क्षेत्रमा दुईदिने स्थलगत अध्ययन कार्यक्रम सुरु गरेको छ ।

प्राकृतिक पदयात्रा तथा चरा अवलोकन रुट निर्धारण, अध्ययन प्रतिवेदन प्रस्तुति, महानगरको पक्षी सूची (बर्ड चेकलिस्ट) तयार गर्ने, 'महानगर पक्षी' घोषणा गर्न सिफारिस गर्ने तथा चरा अध्ययनका लागि लामो समय बस्ने पर्यटक आकर्षित गर्ने उद्देश्यले कार्यक्रम सञ्चालन गरिएको महानगरले जनाएको छ ।

पोखरा महानगरपालिका-३१ स्थित बेगनास र पचभैया जंगललाई केन्द्र बनाएर सञ्चालन गरिएको कार्यक्रममा चरा विज्ञ, पर्यटन व्यवसायी, संरक्षणकर्मी, सरकारी निकायका प्रतिनिधि तथा सरोकारवालाको सहभागिता रहेको पोखरा महानगरपालिका आर्थिक विकास महाशाखा प्रमुख मनोहर कडरियाले बताउनु भयो । अध्ययन टोलीले पचभैया जंगलसहित अन्य सम्भावित चरा अवलोकन क्षेत्रको स्थलगत अध्ययन गरेको हो ।

पर्यटकीय नगरी पोखरा ताल, नदी तथा सिमसार क्षेत्रले सम्पन्न भएकाले चरा पर्यटनको अत्यन्त सम्भावना बोकेको क्षेत्र मानिन्छ। फेवातालसहित बेगनास, रूपा, खास्टे, कमलपोखरी, गुदे, निउरेनी, दिपाङ र मैदीताल प्रत्येक वर्ष विभिन्न प्रजातिका स्थानीय तथा बसाइँसराइ गर्ने चराको आश्रयस्थल बन्दै आएका छन् । पोखरा महानगरपालिकाका मेयर धनराज आचार्यले पोखराका नौवटा ताल र समृद्ध जलाधार क्षेत्रका कारण चरा पर्यटनको अथाह सम्भावना रहेको बताउनुभयो । विशेषगरी साविक लेखनाथ क्षेत्रका सात तालमा दुर्लभ प्रजातिका चराको पर्याप्त बसोबास रहेकाले ती क्षेत्रको पर्यटन प्रवर्द्धनमा चरा पर्यटनलाई प्राथमिकताका साथ अघि बढाइने उहाँले उल्लेख गर्नुभयो । पोखरा पन्छी समाजका निर्वतमान अध्यक्ष मनशान्त घिमिरेका अनुसार हालै सम्पन्न पाँचदिने चरा गणनामा ८ हजार ४ सय ४६ वटा चरामध्ये १ सय ५३ प्रजाति अभिलेख गरिएको छ । समाजले पोखरामा तीनदिने 'बर्ड वाचिङ प्याकेज' समेत विकास गर्ने तयारी गरेको जनाएको छ । थाइल्यान्ड, मलेसिया, सिङ्गापुर, कम्बोडिया, ताइवान र भियतनामलगायत मुलुकबाट बसाईंसराइ गरेर विभिन्न प्रजातिका चरा पोखरा आउने गरेको घिमिरेले जानकारी दिनुभयो । चरा विज्ञ हेमन्त ढकालले खास्टे-निउरेनी माललाई चराका लागि उत्कृष्ट वासस्थानका रूपमा उल्लेख गर्दै वर्षभरि पानीको उपलब्धता र प्राकृतिक वातावरणका कारण यहाँ दुर्लभ प्रजातिका चरा पाइने बताउनुभयो। ताल क्षेत्रमा बढ्दो मोटरबोट सञ्चालन तथा अनावश्यक ध्वनि प्रदूषणले चराको बासस्थानमा असर पार्न थालेकाले संरक्षणमा विशेष ध्यान दिनुपर्ने उहाँको भनाइ थियो।

प्रकृतिका साथीहरूका निर्देशक राजु आचार्यले गण्डकी प्रदेश चरा पर्यटनका दृष्टिले विश्वस्तरकै महत्वपूर्ण गन्तव्य रहेको उल्लेख गर्दै नेपालमा पाइने ८ सय ८७ प्रजातिका चरामध्ये करिब ६ सय प्रजाति गण्डकी प्रदेशमै अभिलेख भएको जानकारी दिनुभयो ।

अन्नपूर्ण संरक्षण क्षेत्रमा मात्रै करिब ५ सय प्रजातिका चरा पाइने भएकाले संरक्षण र पर्यटनलाई सँगसँगै अघि बढाउन आवश्यक रहेको उहाँले बताउनुभयो । नेपाल पर्यटन बोर्ड गण्डकी, पोखरा भ्रमण वर्ष सचिवालय, लेखनाथ उद्योग वाणिज्य संघ, पोखरा पन्छी समाज तथा विभिन्न पर्यटन र संरक्षणसम्बद्ध संस्थाको सहभागिता रहेको अध्ययन कार्यक्रमबाट पोखरामा चरा पर्यटनको नयाँ मार्ग पहिचान, संरक्षण रणनीति निर्माण तथा पर्यटकको बसाइ अवधि लम्ब्याउने आधार तयार हुने अपेक्षा गरिएको छ ।

## महेन्द्रपुलको ट्राफिक व्यवस्थापन मिलाउन पोउवा संघको सहजीकरण

**पोखरापत्र संवाददाता**
पोखरा, २३ असार

पोखराको मुख्य बजार महेन्द्रपुल क्षेत्रको ट्राफिक समस्या समाधानका निम्ति 'सुझाव संकलन एवं कार्यान्वयन समिति' गठन हुने भएको छ ।

पोखरा उद्योग वाणिज्य संघले मंगबार जिल्ला ट्राफिक प्रहरी कार्यालय कास्कीको समन्वयमा आयोजना गरेको छलफल कार्यक्रममा समस्याको पहिचान र त्यसको समाधानका निम्ति समिति गठनको निर्णय भएको हो । महेन्द्रपुल क्षेत्रका व्यवसायी सहभागी छलफल कार्यक्रमका प्रमुख अतिथि जिल्ला ट्राफिक प्रहरी कार्यालयका प्रमुख प्रहरी निरीक्षक सुजितकुमार देवकोटाले नागरिकको जीवन रक्षा र सहज पार्किङ आफ्नो सरोकार भएकोकाले यो विषयमा सहकार्यको प्रस्ताव गरेसँगै समिति गठनको सहमति जुटेको हो । यसअघि पोखरा उद्योग वाणिज्य संघ तथा कार्यक्रमका अध्यक्ष गोकर्ण कार्कीले फुटपाथ पैदलयात्रीकै भएकोमा पोखरा उद्योग वाणिज्य संघ प्रष्ट भएको बताउँदै सडकमा गरिने पार्किङका सवारी आवागमन र ट्राफिक व्यवस्थापन बिग्रन



नहुनेमा जोड दिएका थिए । पोखरा उद्योग वाणिज्य संघको अगुवाइमा फुटपाथमा हुने अनधिकृत व्यवसाय हटाइएको, पार्किङमा देखिएका समस्या समाधानको पहल भएको स्मरण गर्दै उनले भने,'हामी व्यवसायीलाई मर्का नपरोस् भन्ने चाहन्छौं । मान्छे आएपछि पार्किङ चाहिन्छ र त्यसको व्यवस्थापन कसरी गर्ने भन्ने मुल प्रश्न हो । यसमा स्थानीयको साथ र सहयोग हुनुपर्छ ।'

कार्यक्रममा बोल्दै पोखरा ९ का वडाध्यक्ष महानगरले अस्तव्यस्त पार्किङलाई व्यवस्थित गर्न खोज्दा व्यवसायीबाट सहयोग नभएको र उल्टो 'मुर्दावाद'को नारा लागेको बताउँदै अगाडि भने,' अहिले महिलाहरुले एउटा स्कुटर निकाल्न १ सय रुपैयाँ दिएको, पार्किङमा मोटरसाइकल राख्नेहरुबीच हानाहान भएको यहाँहरुले देख्नुभएकै होला । ट्राफिक व्यवस्थापनको लागि कि महानगर र प्रहरीलाई सघाउनुपर्‍यो,हैन भने स्थानीयले नै व्यवस्थापन गर्नुपर्‍यो नि ।'

उनले महेन्द्रपुल क्षेत्रमा रहेको सार्वजनिक शौचालयमा जान चाहने, झण्डा पार्कमा आउने पर्यटकका सवारी पार्किङमा सहयोग गर्न पनि व्यवसायीहरुसँग आग्रह गरे । पोखरा उद्योग वाणिज्य संघका उद्योग उपाध्यक्ष दीनेशचन्द्र बास्तोलाको धन्यवाद र महासचिव शोभा गौतमको संचालन रहेको कार्यक्रममा स्थानीय व्यवसायी रोशन महर्जनले व्यवसाय पनि चल्ने र अरुलाई पनि बाधा नहुने गरी पार्किङको व्यवस्थापन हुनुपर्ने धारणा राखेका थिए । कार्यक्रममा बोल्ने व्यवसायीहरुले भाडाका ट्याक्सीहरुले मुख्य बजार क्षेत्रको सडक नै कब्जा गरी पार्किङ गर्ने गरेको, फुटपाथको चौडाइ कति भन्ने प्रष्ट नभएकोलगायतका गुनासा राखेका थिए । ती गुनासो सुनिसकेपछि जिल्ला ट्राफिक कार्यालय कास्कीका प्रमुख देवकोटाले महेन्द्रपुल र मुख्य बजार क्षेत्रमा व्यवसाय गर्नेहरुले आफ्नो गाडी र कर्मचारीका मोटरसाइकल दिनभर दुकान अगाडि राख्दा पनि समस्या भएको सुनाएका थिए ।

पोखरा नगर क्षेत्रमा सिसि क्यामेरा नहुँदा 'हिट एण्ड रन' केसका अपराधी समात्न कठिन भएको पनि उनको भनाइ थियो । सिंगो कास्कीका लागि जम्मा ९२ जना ट्राफिक प्रहरी भएको बताउँदै उनले जनशक्ति अभावले सवै क्षेत्रमा ध्यान दिन नसकेको पनि स्वीकारे । उनले मादक पदार्थ सेवन गरी सवारी नचाउन पनि अनुरोध गरे । 'हामीले नखानुस् भनेको हैन तर खाएपछि सवारी नचलाउनु भनेको हो । नेपालमा कति मात्रामा मदिरा खायो भन्ने नाप्ने प्रावधान छैन । आफ्नो ज्यान जोखिममा किन पार्नुहुन्छ ? भोलि अंगभंग हुँदा के हुन्छ भन्ने पहिल्यै सोच्नुहोस् भन्ने हो । हामीले गर्ने चेकिङ यहाँहरुकै सुरक्षाका निम्ति हो,' प्रहरी निरीक्षक देवकोटाले भने ।

## मनाङमा चामलको माग उच्च


**पोखरापत्र संवाददाता**
मनाङ, २३ असार

जिल्लामा चामलको माग बढेको छ । खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडको शाखा कार्यालयमार्फत सञ्चालन गरिएको 'जनता बिक्री कार्यक्रम' मार्फत चामलेको बिक्री गरिएको छ ।

जिल्लामा सुपथ मूल्यमा खाद्यान्न उपलब्ध गराउने उद्देश्यले सञ्चालन गरिएको कार्यक्रममार्फत चामल, चिनी, दाल, खाद्य तेलको उल्लेखनीय बिक्री भएको शाखा कार्यालयका प्रमुख रामाशङ्कर कुशवाहाले जानकारी दिनुभयो । तथ्याङ्कअनुसार २०८३ असार २१ गतेसम्म जनता बिक्रीअन्तर्गत स्टिम जिरा मसिनो चामल ४४२.७५ क्विन्टल बिक्री भएको छ । अन्नपूर्ण सोना मन्सुली चामल ३०३.५० क्वीन्टल, एफआर सोना मन्सुली चामल ११२ क्वीन्टल, एफआर स्टिम जिरा मसिनो चामल ८८.७५ क्विन्टल, लङ्ग ग्रेन चामल १३.८५ क्वीन्टल र बासमती चामल ६ क्वीन्टल बिक्री भएको कुशवाहाले जानकारी दिनुभयो ।

"चामलको माग बढी छ । जिल्लामा धान उत्पादन हुँदैन । जसले गर्दा यहाँ चामलको माग उच्च रहेको छ", उहाँले भन्नुभयो, "मागअनुसार सहुलियत मूल्यमा खाद्य सामग्री उपलब्ध हुँदा स्थानीयवासीलाई सहज भएको छ ।" यसका साथै दैनिक उपभोग्य वस्तुमध्ये चिनी २४०.४० क्वीन्टल बिक्री भएको छ । रातो मुसुरो दाल ४६.९१ क्वीन्टल, मास दाल २०.२२ क्वीन्टल, चना ६.८९ क्वीन्टल, पिठो १३.२५ क्वीन्टल, मैदा २.७६ क्वीन्टल तथा रहर दाल २.१० क्वीन्टल जनता बिक्रीमार्फत उपभोक्तासम्म सकिएको उहाँले

बाँकी अन्तिम पृष्ठमा ▶▶

# गण्डकीका उत्कृष्ट कृषक सम्मानित

पोखरापत्र संवाददाता
पोखरा, २३ असार

गण्डकी प्रदेश सरकारले प्रदेशका सर्वोत्कृष्ट र उत्कृष्ट पाँच जना कृषकलाई सोमबार नगदसहित सम्मान गरेको छ । कृषि भूमि व्यवस्था तथा सहकारी मन्त्रालयले कृषि क्षेत्रको व्यवसायीकरण, उत्पादन वृद्धि, आधुनिक प्रविधिको प्रयोग तथा कृषकलाई थप उत्प्रेरित गर्ने उद्देश्यले सम्मान गरेको हो ।

कार्यक्रममा कृषिमन्त्री भीमबहादुर कार्की, प्रदेश सामाजिक विकास तथा कृषि समितिका सदस्य भक्तबहादुर कुँवर र मन्त्रालयका सचिव डा प्रेरणा सेढाईं भट्टराईले सम्मानपत्र, नगद पुरस्कार र दोसल्ला प्रदान गर्नुभयो। कृषि क्षेत्रलाई सम्मानित पेसाका रूपमा स्थापित गर्दै सफल कृषकका अनुभवलाई अन्य कृषकसम्म पुऱ्याउने र युवालाई कृषि व्यवसायतर्फ आकर्षित गर्ने उद्देश्यले हरेक वर्ष यस्तो सम्मान कार्यक्रम सञ्चालन गरिँदै आएको मन्त्रालयले जनाएको छ । यस वर्षको प्रदेश सर्वोत्कृष्ट कृषि



पुरस्कार बागलुङको गलकोट नगरपालिका-१ को सहारा कृषि फार्मका सञ्चालक गमबहादुर कुँवर पुरस्कृत हुनुभयो । उहाँले नगद रु ५० हजार तथा सम्मानपत्र प्राप्त गर्नुभयो। यसैगरी प्रदेश उत्कृष्ट कृषि पुरस्कारबाट नवलपरासीको मौलाकालिका कृषि फार्मका सञ्चालक निर्मल भट्टराई, पोखरा-१४ को रोशन एण्ड रोहित कृषि फार्मका सञ्चालक रमेश खनाल र तनहुँ व्यास नगरपालिका-१० का दाजुभाई गाई फार्मका सञ्चालक रमेश तिमिल्सिना सम्मानित हुनुभयो ।

यसैगरी, खिलुङ कालिका अर्गानिक कृषि फार्म भिरकोट नगरपालिका-७ स्याङ्जाका शालिग्राम अर्याल र नीलगिरि पशुपन्छी तथा कृषि व्यवसाय मुस्ताङका सञ्चालक भूपेन्द्र शेरचन सम्मानित हुनुभयो। प्रदेश उत्कृष्ट कृषि पुरस्कार राशि जनही नगद रु ३२ हजार र सम्मानपत्र रहेको मन्त्रालयका सूचना अधिकारीसमेत रहनुभएका पशु चिकित्सक डा राजेशकुमार चौधरीले जानकारी दिनुभयो ।

कृषिमन्त्री कार्कीले कृषि क्षेत्रलाई प्रदेशको आर्थिक समृद्धिको प्रमुख आधारका रूपमा विकास गर्न सरकार प्रतिबद्ध रहेको बताउनुभयो । "कृषि उत्पादनलाई बजारसँग जोड्दै व्यावसायिक, प्रतिस्पर्धी र आत्मनिर्भर कृषि प्रणाली विकास गर्न प्रदेश सरकारले कृषकलाई प्रोत्साहन गर्दै आएको छ। उत्कृष्ट काम गर्ने कृषकलाई सम्मान गर्दा किसानको हौसला बढ्नुका साथै अन्यलाई पनि आधुनिक र व्यावसायिक खेतीतर्फ आकर्षित हुन सहयोग पुग्छ", उहाँले भन्नुभयो । मन्त्रालयका सचिव डा प्रेरणा सेढाईं भट्टराईले कृषिमा नवप्रवर्तन, यान्त्रिकीकरण, आधुनिक प्रविधिको प्रयोग र उत्पादन वृद्धिमा उल्लेखनीय योगदान पुऱ्याउने कृषक तथा कृषि फार्मलाई प्रोत्साहन गर्न पुरस्कार वितरण गरिएको बताउनुभयो । उहाँले भन्नुभयो, "सम्मानले कृषि क्षेत्रमा सकारात्मक प्रतिस्पर्धाको वातावरण सिर्जना गर्नुका साथै उत्पादन वृद्धि, रोजगारी सिर्जना र ग्रामीण अर्थतन्त्र सुदृढ बनाउन महत्वपूर्ण भूमिका खेल्नेछ।"

प्रदेशमा कृषि उद्यमशीलता विस्तार, आयात प्रतिस्थापन, खाद्य सुरक्षा र युवालाई स्वदेशमै रोजगारी सिर्जना गर्ने लक्ष्यका साथ उत्कृष्ट कृषकलाई प्रोत्साहन गर्ने कार्यक्रमलाई आगामी वर्षमा पनि निरन्तरता दिइने मन्त्रालयले जनाएको छ।

# पिसिएममा एनुअल फेस्ट-२०२६ सम्पन्न

पोखरापत्र संवाददाता
पोखरा, २३ असार

पोखरा कलेज अफ म्यानेजमेन्टको आयोजनामा पिसिएम एनुअल फेस्ट-२०२६ सम्पन्न भएको छ । समापनका दिन नदीपुरस्थित कलेज प्राङ्गणमा विशेष सांगीतिक कार्यक्रम आयोजना गरियो ।

अभय एण्ड द स्टीम इन्जिन ब्याण्डको सांगीतिक प्रस्तुतिमा झण्डै ३ हजार दर्शकले मनोरन्जन लिए । त्यसअघि कलेजका विद्यार्थीहरूले विविध मनोरञ्जनात्मक सांस्कृतिक कार्यक्रम प्रस्तुत गरे । त्यसैगरी विद्यार्थीहरूले विभिन्न खानाका स्टलहरू समेत राखेका थिए।

एक सातासम्म चलेको फेस्ट अन्तर्गत विभिन्न प्रतियोगितात्मक कार्यक्रमहरू पनि आयोजना भए। जस अन्तर्गत 'समाजका लागि एआई लाभदायी हो कि होइन ?' भन्ने बादबिवाद प्रतियोगितामा बिसिएस आइटी चौंथो सेमेष्टरका झरना बुढा मगर प्रथम, बिबिए चौंथो सेमेष्टर मर्निङका कृतिका पुरी द्वितीय, तथा बिबिए चौंथो दिवाका स्वीकृति शर्मा तृतीय भइन् । त्यसैगरी वित्तीय



साक्षात्कार कार्यक्रम अन्तर्गत 'स्टक पिचिङ' प्रतियोगितामा विद्यार्थीहरूले लगानीका लागि आ-आफ्नो अनुभव सुनाए । प्रतियोगितामा बिबिए फाइनान्स दोश्रो वर्षका अनुजा मगर र कपिल सुवेदीले प्रथम स्थान हाँसिल गरे । बिबिए आठौं सेमेष्टरका जेम्स शाक्यले द्वितीय तथा बिबिए चौंथो सेमेष्टरका मन्जिला श्रेष्ठ, स्वीकृति शर्मा, सुमन राई र सविन गौतमले तृतीय स्थान हासिल गरे ।

चित्रकला प्रतियोगितामा बिसिएस आइटी चौंथो सेमेष्टरका अवान केसी प्रथम, बिसिएस आइटी छैठौ सेमेष्टरका सबिन सुनार द्वितीय तथा बिसिएस आइटी छैठौं सेमेष्टरकै रिस्ता हमाल र बिबिए चौथो सेमेष्टर दिवाका सरगम सुनार तृतीय भए। अग्रज कलाकार रमेश श्रेष्ठ चित्रकला प्रतियोगिताका निर्णायकमा रहेका थिए । समारोहमा पोखरा विश्वविद्यालयको डिन लिस्टमा पर्न सफल ८६ जना विद्यार्थीमध्ये चार जीपीए प्राप्त गर्दै उत्कृष्ट हुन सफल १२ जना विद्यार्थीहरुलाई पनि सम्मान गरियो । कलेज सञ्चालक समितिका अध्यक्ष विनोद कायस्थ र सदस्य प्रान्जल कायस्थले विजयी विद्यार्थीहरूलाई पुरस्कृत गरे । कलेज प्राचार्य लिना नेगी श्रेष्ठको अध्यक्षमा कार्यक्रम सम्पन्न भएको थियो ।

# फोटो पत्रकार अक्षयकोषमा फोटो पत्रकार सुदर्शन रञ्जितद्वारा ६३ हजार प्रदान

पोखरापत्र संवाददाता
पोखरा, २३ असार

नेपाल फोटो पत्रकार संघ (एनपिजेए) कास्कीले सञ्चालन गरेको 'फोटो पत्रकार अक्षयकोष' मा वरिष्ठ फोटो पत्रकार सुदर्शन रञ्जितले आर्थिक सहयोग गरेका छन् ।

पत्रकार रञ्जितले अक्षयकोषमा नगद ६३ हजार रुपैयाँ सहयोग गरेका हुन् । उनले एनपिजेए कास्कीका अध्यक्ष राम गुरुङलाई उक्त सहयोग हस्तान्तरण गरेका हुन् । पोखरामा रही फोटोको माध्यामबाट पोखराको खेलकुद गतिविधीलाई राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तर सम्म चिनाउन महत्वपूर्ण योगदान गरेका पत्रकार रञ्जितले कास्कीमा रहेका फोटो पत्रकारहरुको हक हितका लागि स्थापना गरिएको फोटो पत्रकार अक्षयकोषमा सहयोग गरेको बताए। देशको विषम परिस्थितीमा समेत उपस्थित भइ फोटोको माध्यामबाट इतिहासलाई जीवन्त राख्न फोटो पत्रकारहरुको भुमिका महत्वपूर्ण रहेको भन्दै फोटो पत्रकारको हितका लागि स्थापना



गरिएको अक्षयकोषमा पोखराका प्रतिष्ठित घरानाहरुले समेत साथ र सहयोग गर्नुपर्ने उनले बताए।

उनी यसअघि नेपाल ओपम्पिक कमिटी प्रदान गर्ने एनओसी बेस्ट क्यामेरापर्सन अवार्डबाट नगद ५० हजार रुपैयाँसहित सम्मानित भएका थिए। सोही पुरस्कार रकममा १३ हजार थप गरी ६३ हजार रुपैयाँ अक्षय कोषमा सहयोग गरेको उनले जानकारी दिए । सहयोग प्राप्त भएपछि एनपिजेए कास्की अध्यक्ष राम गुरुङले पत्रकार रञ्जित प्रति आभार प्रकट ब्यक्त गरे।

पोखराको खेलकुद र फोटो पत्रकारिताको इतिहासमा फोटो पत्रकार रञ्जितको विशेष योगदान रहेको उनले सुनाए । नागरिक अभियन्ता रामबहादुर पौडेलले पोखराको इतिहासमा फोटो पत्रकार हरुको भुमिका महत्वपूर्ण रहेको बताए । ६२/६३ को जनआन्दोलन, २०७२ को भुकम्प र २०८२ को जेनजी आन्दोलन र विभिन्न ऐतिहासिक गतिविधीहरुमा कास्कीका फोटो पत्रकारहरुले पोखराको इतिहास जीवन्त राख्ने काम गरेको बताउदै फोटो पत्रकारलाई निरन्तर सहयोग गर्ने प्रतिवद्धता समेत व्यक्त गरे। पछिल्लो समय फिर्के खोलाको संरक्षणमा महानगरका केही वडाहरुले भने जस्तो काम नगरेकाले नागरिक समाजको खवरदारीमा साथ र सहयोग गर्न समेत फोटो पत्रकार हरुलाई पौडेलले आग्रह गरे।

यसैविच फोटो पत्रकार संघ कास्कीले विभिन्न संघसंस्थाबाट सम्मानित र पुरस्कृत साथै पत्रकार सम्वद्ध संघसंस्थाको नेतृत्वमा निर्वाचित फोटो पत्रकार हरुलाई बधाई ज्ञापन गरेको छ । आईतबार एक कार्यक्रम आयोजना गरीसुदर्शन रञ्जित (एनओसी बेस्ट क्यामेरापर्सन अवार्ड), कृष्णमणि बराल (दयाशंकर पालिखे स्मृति पत्रकारिता पुरस्कार), ईन्द्र पौडेल (संस्कृति संरक्षण पत्रकारिता सम्मान), दुर्गा रानामगर (पोखरा महानगर युवा प्रतिभा पुरस्कार), विश्वकर्मा समाज कास्कीबाट सम्मानित सुरेश सुनार र सञ्चारिका समुह गण्डकीको अध्यक्षमा निर्वाचित राधिका कँडेललाई बधाइ ज्ञापन गरिएको थियो।

बधाई ग्रहणपछि संस्थाकी सहसचिव दुर्गा रानामगरले पुरस्कार, सम्मान तथा बधाईले पत्रकारिता क्षेत्रमा लाग्नका लागि उर्जा पैदा हुने बताइन् । सोही कार्यक्रममा नागरिक अभियान्ता रामबहादुर पौडेलले अक्षयकोषमा थप रकम सहयोग गरेका छन्।

# हरित रोजगारी र वातावरणीय दिगोपनाका लागि ३० दिने सीप विकास तालिम

पोखरापत्र संवाददाता
पोखरा, २३ असार

रिसाइक्लिङ र अपसाइक्लिङमार्फत हरित रोजगारी सिर्जना जिसिआरयु परियोजना अन्तर्गत पोखरामा सोमबारदेखि ३० दिने सिलाई तथा कटाई सीप विकास तालिम सुरु भएको छ।

सर्कुलर इकोनोमीको अवधारणालाई आत्मसात् गर्दै फोहोर मानिने सामग्रीलाई पुनः प्रयोग गरी आयआर्जनमा बदल्ने उद्देश्यले यो कार्यक्रम आयोजना गरिएको हो।

तालिमको उद्घाटन गर्दै परियोजनाकी राष्ट्रिय परियोजना प्रबन्धक यमुना सिल्वालले हरित रोजगारी प्रवर्द्धन र वातावरणीय दिगोपनामा यस तालिमको विशेष महत्त्व रहेको बताइन् । उनले चक्रिय अर्थतन्त्रका अभ्यासहरूले समुदायलाई आर्थिक रूपमा सशक्तीकरण गर्न ठूलो सहयोग पुऱ्याउने विश्वास व्यक्त गरिन्।

परियोजनाका मिल एण्ड कम्युनिकेसन विश्लेषक शशी थापाले सहभागीहरूलाई तालिममा सिकेको सीपलाई व्यवहारमा उतार्न र आफ्नो जीविकोपार्जनमा सुधार ल्याउँदै स्वच्छ र हरित पोखरा निर्माणमा योगदान दिन प्रोत्साहित गरे।

विधाता हस्तकला तथा प्राविधिक तालिम केन्द्रकी सञ्चालक एवं मुख्य प्रशिक्षक सविता श्रेष्ठले तालिमको पाठ्यक्रमबारे जानकारी दिँदै ३० दिनभित्रै सहभागीहरूले पुराना कपडा प्रयोग गरी बजारयोग्य र गुणस्तरीय सामग्री तयार पार्न सक्ने बताइन्। उनले प्रशिक्षार्थीहरूलाई स्वरोजगार बन्न र पोखराको हरित अभियानलाई सफल बनाउन आग्रह गरिन।

तालिममा पोखरा महानगरपालिकाका विभिन्न वडाका १८ वटा रिसाइक्लिङ तथा अपसाइक्लिङ समूहका ३२ जना महिलाहरूको सहभागिता



रहेको छ । सहभागीहरूले पुनः प्रयोग गरिएका कपडाबाट झोला, फूलको गुच्छा, गुडिया निर्माण गर्ने र मकैको खोस्टाबाट सजावटका फूल तथा उपहार सामग्री बनाउने सीप सिक्नेछन्।

तालिम सम्पन्न भएपछि सहभागीहरूलाई आफ्नै उद्यम स्थापना गर्न सहयोग पुऱ्याउने उद्देश्यले आयोजकका तर्फबाट सिलाई मेसिनसमेत उपलब्ध गराइने बताइएको छ । क्लिन अप नेपालको सहजीकरणमा सञ्चालित यो तालिम विधाता हस्तकला तथा प्राविधिक तालिम केन्द्र, अमरसिंहचोकमा भइरहेको छ। कोरिया इन्टरनेसनल कोअपरेसन एजेन्सी कोइका र संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम युएनडिपीको सहयोगमा पोखरा महानगरपालिकासँगको सहकार्यमा यो परियोजना कार्यान्वयन भइरहेको छ।

परम्परागत प्रयोग र फ्याँक्ने अर्थतन्त्रको सट्टा फोहोरको न्यूनीकरण र पुनः प्रयोगमार्फत दिगो जीविकोपार्जनका अवसर सिर्जना गर्ने लक्ष्य परियोजनाले राखेको जानकारी आयोजकले दिएको छ।

# कौराहा संरक्षण पत्रकारिता पुरस्कार मीना थापा मगरलाई

पोखरापत्र संवाददाता
पोखरा, २३ असार

'राष्ट्रिय मौलिक कौराहा संरक्षण पत्रकारिता पुरस्कार २०८३' बाट पत्रकार मीना थापामगर पुरस्कृत हुने भएकी छिन्।

फोनिज गण्डकीका इन्चार्ज रुद्र श्रीसमगरको संयोजकत्वमा गठित प्रतिभा छनोट समितिले यो वर्ष उक्त पुरस्कारबाट पत्रकार मीना थापा मगरलाई सम्मान गर्ने निर्णय गरेको हो। समितिका सदस्यहरुमा राष्ट्रिय मौलिक कौराहा संरक्षण समितिका अध्यक्ष नरमाया आलेमगर, मगर पत्रकार संघ कास्कीका अध्यक्ष सुरज थापामगर तथा संघका सचिव बलबहादुर रोकामगर थिए।

राष्ट्रिय मौलिक कौराहा संरक्षण समितिद्वारा स्थापित यो पुरस्कार हरेक वर्ष नेपाल मगर पत्रकार संघ कास्कीले प्रदान गर्दै आइरहेको छ। पोखराको पत्रकारिताको क्षेत्रमा



रहेर कौराहा सहित मगर समुदायको संस्कार र संस्कृतिको विषयमा लामो समयदेखि कलम चलाउँदै आइरहेकी थापालाई यो वर्ष उनको योगदानका आधारमा सम्मान गर्न लागिएको छनौट समितिका संयोजक श्रीसले बताए। संयोजक श्रीसका अनुसार पत्रकार थापालाई नगद १५ हजार सहित सम्मानपत्र र दोसल्ला आढाएर सम्मान गरिने छ । गण्डकी प्रदेशका आर्थिक मामिलामन्त्री जितबहादुर शेरचनको प्रमुख आतिथ्यतामा असार २६ गते शुक्रबार पोखराको अमरसिंहचोकमा रहेको पोखरा सेकुवा घरमा एक कार्यक्रमको आयोजना गरि पत्रकार थापालाई सम्मान गरिने संयोजक श्रीसले जानकारी दिए।

यस पुरस्कारबाट यसभन्दा अघि कमला रानामगर, तिलक पुनमगर, प्रताप रानामगर, खेम सारुमगर, एमबी आस्थामगर, मनोज घर्तीमगर, रुद्र श्रीसमगर र शारदा झेडीमगर सम्मानित भइसकेका छन्।

# मनाङमा ...

बताउनुभयो।

जिल्लामा सुरुची सनफ्लावर तेल सात हजार ६६४ लिटर बिक्री भएको छ। सुरुची तोरीको तेल एक हजार ४३३ लिटर र भटमासको तेल एक हजार ४३८ लिटर बिक्री भएको छ। शान्ति तोरीको तेल १९ लिटर तथा डिडिसी घ्यू ६६ किलोग्राम बिक्री भएको कार्यालयले जनाएको छ । मसला तथा अन्य उपभोग्य सामग्रीतर्फ चिउरा ८.८३ क्वीन्टल, जिरा दाना १.८ क्वीन्टल, विभिन्न प्रकारका चिया, बेसार, धनियाँ, खुर्सानी पाउडर तथा स्थानीय उत्पादन पनि बिक्री भएको छ।

"सात प्रकारका चामल, चार प्रकारका दाल, चार प्रकारका पिठो, चार प्रकारका खाने तेल, १० प्रकारका मसला, डिडिसी घ्यू, चिउरा, गेडागुडी, चिनी, बिस्कुट, चाउचाउलगायत ५९ प्रकारका खाद्य सामग्री उपलब्ध गराउँदै आएका छौं", उहाँले भन्नुभयो।

"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६

छाला तथा यौन रोगहरुका लागि
महिलाहरुमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिल्लाउने, महिनावारीमा गडबडी आदि
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदि
डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते

पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार

जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन

उपचार गर्ने रोगहरु :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

नैतिक कामका लागि पनि अनैतिक काम नगर्नुस् ।
– थमस हार्डी

## सम्पादकीय

# विस्थापित सुकुम्बासीको न्यायोचित व्यवस्थापन गर

प्रधानमन्त्री बालेन्द्र शाह नेतृत्वको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को सरकारले काठमाडौं उपत्यकाका नदि, खोला किनारका अव्यवस्थित र सुकुम्बासी हटाएर उचित व्यवस्थापन गर्न सकेन । विस्थापित सुकुमबासीको व्यवस्थापनलाई कहिल्यै गम्भीरतापूर्वक लिएन । वर्षायाममा उनीहरूलाई विचल्ली पारिदिएको छ । ठूलो संख्यामा सुरक्षा फौज तैनाथ गरेर सुकुम्बासी र अव्यवस्थित बसोबास गर्नेलाई हटाउँदा युद्ध जितेको शैलीमा सरकार प्रस्तुत भएको थियो ।सरकार भन्दा रास्वपालाई मत दिनेहरु तीन वित्ता उफ्रेर सरकारलाई जस दिइरहेका थिए । मानिस भन्दा नदि, ढुंगा, माटो ठूलो हो भनेर प्रचार गरिएको थियो । देश भनेको माटो, ढुंगा, मात्र होइन त्यहाँ बस्ने मानिस पनि हुन भन्ने विर्सेर अमानवीय तरिकाले हटाउँदा खुशी हुनेहरु अहिले पक्षुताउन थालेका छन । सत्तारूढ रास्वपा संसदीय दलका सचेतक क्रान्ति शिखा धितालले सरकार सुकुम्बासीको अभिभावक बन्न नसकेको र मानवीयता देखाउन नसकेको स्वीकारेकि छन । विगतका सरकार हरूका पालादेखि नै रहेको सार्वजनिक जमिनलाई अतिक्रमण मुक्त बनाउने कामको एक्लै जस लिने र दिलाउन काम जस्ले गरे तिनले वैकल्पिक व्यवस्था गरेनन् । दुई तिहाइ बहुमतको सरकार बनेको उन्मादमा पछाडी आउने समस्या देख्न सकेनन् ।

काठमाडौं उपत्यकाका विभिन्न स्थानबाट हटाइएका सुकुमबासी परिवारहरूलाई होल्डिङ सेन्टरमा राखिएको थियो । बस्ती हटाउँदा सरकारले छोटो समयभित्र स्थायी पुनर्स्थापना गर्ने प्रतिबद्धता जनाएको थियो । तर त्यो प्रतिबद्धता कागजमै सीमित रह्यो । न उचित आवासको वैकल्पिक व्यवस्था भयो न त शिक्षा, स्वास्थ्य र रोजगारीको कुनै सुनिश्चितता नै । खाना ,नाना र छाना नभएकाप्रति सरकारको व्यवहार १ सय दिनमा उदाँगो भएको छ । अहिले न्यून रकम दिएर होल्डिङ सेन्टर नै खाली गर्न दबाब दिइँदैछ जसले उनीहरू फेरि सडकमा धकेलिने त्रासमा छन् । विस्थापितहरूले पत्रकार सम्मेलन गरेर आफूहरूमाथि अमानवीय व्यवहार भएको भन्दै आन्दोलनको चेतावनी दिएका छन् । विदेशीलाई शरण दिने नेपालले आफ्नै देशका नागरिकप्रति देखाएको रवैया अमानवीय र निन्दनीय छ ।

भूमिहीन र गरिब नागरिकहरूलाई पहिले बस्तीबाट उठाउने, त्यसपछि अस्थायी शिविरमा राख्ने र अन्त्यमा कुनै दीर्घकालीन समाधान नदिई त्यहाँबाटै पनि लखेट्ने प्रवृत्तिले राज्यको जिम्मेवारीबोधमा गम्भीर कमजोरी देखाउँछ । समयमै व्यवस्थापन योजना तर्जुमा गरी लागु गरिएको भए आजको यो आन्दोलन र असन्तुष्टि सम्भवतः टार्न सकिन्थ्यो । सुकुमबासी समस्या हाम्रो सामाजिक र आर्थिक तथा असन्तुलित विकासका कारण उब्जिएको हो । सुबिधा जति राजधानी र शहरमा हुने गाउँ बस्ती उजाड हुँदा सुकुम्बासी समस्या निम्त्याएको हो । दशकौं पुरानो सामाजिक आर्थिक विसंगतिको उपज भएकाले यसलाई एकदिनमा समाधान गर्न सकिँदै। राज्यले भूमिहीन तथा सुकुमबासी नागरिकको आवास, खाद्य सुरक्षा र आधारभूत मानव अधिकारको सुनिश्चितता विना हटाउनै हुँदैन थियो । हटाइसकेपछि त्यसप्रति गम्भीर हुनैपर्छ ।

सरकारले सुकुम्बासी र अव्यवस्थित बसोबासको समस्यालाई राजनीतिक विषय बनाउन हुँदैन । यो सरकार र सत्तारूढ दलको मात्र सरोकार होइन । यो सुरक्षाफौजको लडाइँ वा प्रशासनिक झमेला ठान्ने भूल गर्नु हुँदैन ।यसलाई मानवीय संकटका रूपमा हेर्नुपर्छ । सरकारले स्थानीय सरकार र समुदायसँग समन्वय गरी यथार्थपरक, समयबद्ध र दिगो पुनर्स्थापना योजना तत्काल कार्यान्वयन गरिनुपर्छ । सडकमा असन्तुष्टि प्रकट गरिरहेकाहरूसँग तत्काल वार्ता गरी उनीहरूलाई विश्वासमा लिनु आवश्यक छ । सुकुमबासी समाधानका लागि पहिचान, वर्गीकरण, पुनर्स्थापना र सामाजिक पुनःएकीकरणको एकीकृत नीति अपनाउनुपर्छ । यसले मानव अधिकारको संरक्षणसँगै भविष्यका सामाजिक द्वन्द्व पनि न्यून गर्न मद्दत पुऱ्याउनेछ । बेलैमा सम्बोधन गरिएन भने यो असन्तुष्टि झन् ठूलो सामाजिक द्वन्द्वमा परिणत हुने जोखिम रहिरहने छ । विस्थापित सुकुमबासीको न्यायोचित माग सुनिनु र सम्मानपूर्वक व्यवस्थापन गरिनु नै वर्तमान संकटको एकमात्र मानवीय तथा व्यावहारिक समाधान हो ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : अप्रत्यसित लाभ | तुला | : शुभ यात्रा |
| वृष | : शारीरिक झमेला | वृश्चिक | : स्वास्थ्यमा सुधार |
| मिथुन | : मानसिक तनाब | धनु | : आर्थिक समस्या |
| कर्कट | : सहयोग मिल्नेछ | मकर | : शत्रुको भय |
| सिंह | : ब्यापारमा लाभ | कुम्भ | : कार्यमा सफलता |
| कन्या | : झमेला बड्ने | मीन | : सत्कार मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# किसानलाई अनुदानमा कृषि उपकरण

**पोखरापत्र संवाददाता**
दमौली, २३ असार

यहाँस्थित किसानलाई अनुदानमा कृषि उपकरण वितरण गरिएको छ । घिरिङ गाउँपालिकाको ५० प्रतिशत अनुदानमा कम्वाइन मिल र हाते ट्र्याक्टर वितरण गरिएको हो ।

पालिकाको रु ७५ लाख र किसानको ७५ लाख गरी रु एक करोड ५० लाखका लागतमा कृषि उपकरण खरिद गरिएको पालिकाका अध्यक्ष होमबहादुर थापाले बताउनुभयो ।

किसानका माग बमोजिम नौ हर्षपावरका १२० र सात हर्षपावरका ६० वटा हाते ट्र्याक्टर वितरण गरिएको छ । अध्यक्ष थापाले यसवर्ष १८० वटा हाते ट्र्याक्टर र कुटानी पिसानीका लागि १०० कम्वाइन मिल पनि वितरण गरिएको जानकारी दिनुभयो । उहाँले भन्नुभयो, “गतवर्ष पनि कृषि उपकरणका लागि गाउँपालिकाले रु ७० लाख विनियोजन गरेको थियो ।” घरै पिच्छे कृषि यन्त्रिकरण भएपछि खेतबारी जोत्न छिटोछरितोका साथै कम जनशक्तिमा धेरै क्षेत्रफलमा खेती गर्न सहज भएको छ ।

गाउँपालिकाभित्रका जग्गा बाँझो नराख्ने गरेको भेटिए पनि बाँदर आतङ्कका कारण किसानले सास्ती खेप्नुपरेको प्रमुख प्रशासकीय अधिकृत कृष्णप्रसाद ढकालले जानकारी दिनुभयो ।

गाउँघरमा कृषि यन्त्रिकरण भित्रिएसँगै गोरु पाल्ने परम्परा हराउँदै गएको छ ।


## एउटै व्यक्ति भएको सूचना



कास्की जिल्ला, पोखरा महानगरपालिका वडा नं. २६ निवासी भारतीय भु.पु.सै.नं. ५७५०९२९K TS नायक युवराज रानाको श्रीमती सरस्वती बन्जरा रानाको नेपाली नागरिकता प्रमाण पत्रमा नामथर सरस्वती बन्जरा राना भएको र पेन्सन अभिलेखमा नामथर सरस्वती बन्जरा उल्लेख भई फरक परेतापनि उल्लेखित फरक नामथर भएको व्यक्ति फरक नभई एउटै व्यक्ति भएको बेहोरा अनुरोध छ भनि पोखरा महानगरपालिका २६ नं. वडा कार्यालयको च.नं. ४७१२ मिति २०८३।०३।१८ को सिफारिस पत्रबाट लेखी आएको व्यहोरा जानकारी गराइन्छ ।

**जिल्ला प्रशासन कार्यालय, कास्की**

## एउटै व्यक्ति भएको सूचना



कास्की जिल्ला, पोखरा महानगरपालिका वडा नं. २६ निवासी भारतीय भु.पु. सै.नं. JC 630210 M का सुवेदार एण्ड आननेरी क्याप्टेन ज्ञान वहादुर क्षेत्री 4/9 गोर्खा राइफलको श्रीमती मिना कुमारी खड्का क्षेत्रीको नेपाली नागरिकता प्रमाण पत्रमा नामथर मिना कुमारी खड्का क्षेत्री भएको र पतिको भारतीय सैनिक अभिलेखमा नामथर मिना कुमारी क्षेत्री भएकोले उल्लेखित दुवै नामथर भएको व्यक्ति एउटै भएको व्यहोरा सिफारिस साथ अनुरोध गरिन्छ भनी कास्की जिल्ला पोखरा महानगरपालिका, २६ नं. वडा कार्यालयको च.नं. ३०८ मिति २०७९।४।२५ को सिफारिस पत्रबाट लेखि आएको व्यहोरा जानकारी गराइन्छ ।

**जिल्ला प्रशासन कार्यालय, कास्की**

## एउटै व्यक्ति भएको सूचना



कास्की जिल्ला, पोखरा महानगरपालिका वडा नं. १५ निवासी भारतीय भु.पु.सै.नं.५७५११८१A. NK, 6/8 GR का चिन प्रसाद गुरुङको श्रीमती मन्तु कुमारी गुरुङको नेपाली नागरिकता प्रमाण पत्रमा नामथर मन्तु कुमारी गुरुङ, जन्म मिति वि.सं. २०३३।०७।३० तदानुसार ई.सं. १९७६-११-१५ भएको पेन्सन अभिलेखमा नामथर मन्तु गुरुङ, जन्म मिति ई.सं. १९७७-११-१५ उल्लेख भई फरक परेतापनि उल्लेखित फरक नामथर भएको व्यक्ति फरक नभई एउटै व्यक्ति भएको बेहोरा अनुरोध छ भनि पोखरा महानगरपालिका १५ नं. वडा कार्यालयको च.नं. ४३२६ मिति २०८३।०३।१८ को सिफारिस पत्रबाट लेखी आएको व्यहोरा जानकारी गराइन्छ ।

**जिल्ला प्रशासन कार्यालय, कास्की**


# एसइई पूरक परीक्षामा ६४.६८ प्रतिशत विद्यार्थी उत्तीर्ण

**रासस**
काठमाडौं, २३ असार

राष्ट्रिय परीक्षा बोर्डले माध्यमिक शिक्षा परीक्षा (एसइई) २०८२ को पूरकअर्थात् ग्रेडवृद्धि परीक्षामा ६४.६८ प्रतिशत विद्यार्थी उत्तीर्ण भएका छन् ।

बोर्डले मंगलबार पूरक परीक्षाको नतिजा सार्वजनिक गरेको जानकारी दिँदै परीक्षामा ८३ हजार ५२३ जनाअर्थात् ६४.६८ प्रतिशत छात्रछात्रा उत्तीर्ण भएका परीक्षा नियन्त्रक टुकराज अधिकारीले बताउनुभयो । यही असार १ गतेदेखि ९ गतेसम्म सञ्चालन भएको पूरक परीक्षामा सहभागी हुन एक लाख ४६ हजार ५०७ परीक्षार्थीले आवेदन दिएकामा एक लाख २९ हजार ११४ जना परीक्षार्थी मात्रै सहभागि भएको उहाँले जानकारी दिनुभयो । परीक्षार्थीले राष्ट्रिय परीक्षा बोर्ड र परीक्षा नियन्त्रण कार्यालय कक्षा १० को वेबसाइट, एसएमएस, युएसएसडी तथा आइभीआर सेवामार्फत नतिजा हेर्न सक्ने उहाँले जानकारी दिनुभयो ।

नतिजा हेर्न सिम्बोल नम्बर र जन्ममिति प्रयोग गरी ग्रेडसिट डाउनलोड गर्ने व्यवस्था पनि गरिएको छ । परीक्षार्थीको नतिजाप्रति चित्त नबुझेका परीक्षार्थीले असार २५ गतेदेखि ३१ गतेसम्म अनलाइनमार्फत पुनर्योग, उत्तरपुस्तिका अवलोकन तथा पुनः परीक्षणका लागि आवेदन दिन सक्ने उहाँले जानकारी दिनुभयो ।

# तीन दिनसम्म विविध कार्यक्रम गरी भानु जयन्ती मनाइने

**पोखरापत्र संवाददाता**
दमौली, २३ असार

नेपाली भाषाका धरोहर आदिकवि भानुभक्त आचार्यको २१३औँ जन्मजयन्ती गृहजिल्लामा विविध कार्यक्रमसहित मनाइने भएको छ । भानुभक्त जन्मस्थल विकास समितिले भानुजयन्ती तीन दिनसम्म विविध कार्यक्रम आयोजना गरी जयन्ती मनाउने तयारी गरेको हो ।

भानु नगरपालिकाका प्रमुख एवं भानु जन्मस्थल विकास समितिका अध्यक्ष आनन्दराज त्रिपाठीको अध्यक्षतामा सोमबार यहाँ सम्पन्न बैठकले यही असार २७, २८ र २९ गते तीन दिनसम्म विविध कार्यक्रम सञ्चालन गरी २१३औँ भानु जयन्ती मनाउने निर्णय गरेको हो । समितिका कार्यकारी सचिव कृपाहरी लौडारीका अनुसार असार २७ गते भानुभक्तसँग सम्बन्धित धार्मिक तथा सांस्कृतिक आस्थालाई सम्मान गर्दै विभिन्न मठमन्दिरमा पूजाअर्चना गरिनेछ । असार २८ गते भानुभक्तीय रामायण वाचन/पाठ प्रतियोगिता आयोजना गरिनेछ भने साँझ साहित्यकार, कवि तथा स्रष्टाहरूको सहभागितामा विशेष कवि गोष्ठी हुनेछ । असार २९ गते बिहान भानुभक्तको शालिकमा माल्यार्पणपछि झाँकीसहितको प्रभातफेरी निकाल्ने कार्यक्रम तय भएको लौडारीले जानकारी दिनुभयो । त्यसपछि कविता वाचन, भानुभक्त आचार्यको जीवन, व्यक्तित्व र कृतित्वमाथि विशेष छलफल तथा भानु जन्मस्थलको संरक्षण, प्रवर्द्धन र प्रचारप्रसारका विषयमा संवाद कार्यक्रम सञ्चालन गरिने उहाँले बताउनुभयो । बैठकमा भानु नगरपालिकाकी उपप्रमुख उमा गोतामे, प्रमुख प्रशासकीय अधिकृत सुरज श्रेष्ठलगायतले भानु जन्मस्थललाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय साहित्यिक पर्यटनको केन्द्रका रूपमा विकास गर्न सामूहिक प्रयास आवश्यक रहेको धारणा व्यक्त गर्नुभयो ।

आदिकवि भानुभक्त आचार्यले नेपाली भाषामा रामायण अनुवाद गरेर साहित्यलाई जनताको पहुँचमा पुऱ्याएका कारण उहाँ नेपाली भाषा र साहित्यका अमर विभूतिका रूपमा चिनिनुहुन्छ । उहाँका कृतिले नेपाली भाषाको विकासमा पुऱ्याएको योगदान आज पनि उत्तिकै सान्दर्भिक मानिन्छन् । विसं १८७१ असार २९ गते जन्मिनुभएका आचार्यको विसं १९२५ असोज ६ गते निधन भएको थियो । नेपाली साहित्यका प्राथमिक कालका प्रतिनिधि कविको रूपमा परिचित भानुभक्त वाल्मीकि रामायणका अनुवादक पनि हुनुहुन्छ ।

मोतिराम भट्टले उहाँलाई पहिलोपटक नेपाली भाषाका आदिकवि उपाधि दिनुभएको थियो । भानुभक्तले प्रश्नोत्तर, भक्तमाला, बधुशिक्षा लगायतका कृति लेख्नुभएको छ भने उहाँका पाण्डुलिपिलाई सङ्ग्रह गरेर मोतिराम भट्टले पुस्तक प्रकाशित गरेपछि उहाँ नेपाली साहित्यमा चिनिनुभएको थियो ।

# आधुनिक बाल उद्यान

**पोखरापत्र संवाददाता**
पर्वत, २३ असार



बालबालिकाको शारीरिक तथा मानसिक विकासमा योगदान पुऱ्याउने उद्देश्यले पर्वतमा आधुनिक बाल उद्यान निर्माण गरिएको छ ।

दक्षिण पर्वतको पैयूँ गाउँपालिकामा बालबालिकालाई लक्षित गर्दै जिल्लामै पहिलो र एकमात्र ‘पैयूँ चिल्ड्रेन पार्क’ (बाल उद्यान) निर्माण गरिएको हो । गाउँपालिका, गण्डकी प्रदेश सरकार र पैयूँ गाउँपालिका-५ कार्यालयको त्रिपक्षीय लगानीमा बाल उद्यान निर्माण गरिएको हो ।

गण्डकी प्रदेश सरकारको रु दश लाख, स्थानीय वडा कार्यालयको रु चार लाख र पैयूँ गाउँपालिकाको रु एक लाख गरी रु १५ लाख लगानीमा बालउद्यान निर्माण भएको पैयूँ गाउँपालिका-५ का अध्यक्ष नारायण भुर्तेलले जानकारी दिनुभयो । पार्क निर्माण भएपछि ग्रामीण क्षेत्रका रहेका बालबालिकाहरूलाई विभिन्न प्रकारका खेल खेल्न, घुम्न, मनोरञ्जन लिनका लागि सहज हुने वडा अध्यक्ष भुर्तेलले बताउनुभयो । भुर्तेलले भन्नुभयो, “गाउँका बच्चाले पनि सहर वा विदेशका बालबालिकाजस्तै खेल्न, हाँस्न र रमाउन पाउनुपर्छ भन्ने अठोटका लगानी गरी पार्क निर्माण गरिएको हो ।”गाउँपालिकाकै एकमात्र यस पार्कले स्थानीय मात्र नभई वरपरका अन्य गाउँ र बजार क्षेत्रका बालबालिकालाई समेत समेट्ने र उनीहरूलाई एकै ठाउँमा जोडिने अवसर प्रदान गर्ने विश्वास लिइएको छ । नवनिर्मित चिल्ड्रेन पार्कलाई चाँडै नै एक औपचारिक कार्यक्रमका बीच उद्घाटन गरी बालबालिकाका लागि खुला गरिने वडा कार्यालयले जनाएको छ ।

बालबालिकाका लागि विभिन्न खेल खेल्ने र मनोरञ्जन लिने तथा अध्ययनका लागि विभिन्न उपकरण र सामाग्री राखिएको छ । यसैबीच पैयूँ गाउँपालिकाका अध्यक्ष तोरण मल्ल ठकुरीले उक्त पार्कलाई पर्यटकीय आकर्षणका लागि अन्य भौतिक संरचना थप गर्न पालिकाले आवश्यक लगानी गर्दै जाने बताउनुभयो ।


## एउटै व्यक्ति भएको सूचना



कास्की जिल्ला, मादी गाउँपालिका वडा नं. ०५ निवासी भारतीय भु. पु. सै. नं. ५४४०७२९ F/NK का भुवर सिं गुरुङको एकमात्र श्रीमती चित्र कुमारी गुरुङको नेपाली नागरिकता प्रमाण पत्रमा नामथर चित्र कुमारी गुरुङ जन्म मिति वि.सं. २०११।०३।११ तदानुसार ई.सं. १९५४-०७-२५ भएको र पेन्सन अभिलेखमा नामथर चित्र कुमारी जन्म मिति ई.सं. १९५५-०४-२३ उल्लेख भई फरक परेतापनि उल्लेखित फरक नामथर र जन्म मिति भएको व्यक्ति फरक नभई एउटै व्यक्ति भएको बेहोरा अनुरोध छ भनि मादी गाउँपालिका ०५ नं. वडा कार्यालयको च.नं. ८३९ मिति २०८३।०३।१९ को सिफारिस पत्रबाट लेखी आएको हुदाँ सम्बन्धित निकायको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**जिल्ला प्रशासन कार्यालय कास्की**

# तनहुँमा कृषि उद्यम विकास कार्यक्रम प्रभावकारी बन्दै

**पोखरापत्र संवाददाता**
तनहुँ, २३ असार

कृषि उत्पादन वृद्धि, रोजगारी सिर्जना र किसानको आयआर्जनमा टेवा पुऱ्याउने उद्देश्यले सञ्चालन गरिएको कृषि उद्यम विकास कार्यालयम प्रभावकारी बन्दै गएको छ।

आधुनिक कृषि प्रविधिको प्रयोग, व्यावसायिक खेती, कृषि यान्त्रिकीकरण, सीप विकास तालिम तथा बजारसँगको पहुँच विस्तार भएपछि किसान परम्परागत निर्वाहमुखी खेतीबाट व्यावसायिक कृषि उद्यमतर्फ आकर्षित भएका छन्।

परम्परागत रुपमा खुला रुपमा बिक्री हुँदै आएका स्थानीय उत्पादन अहिले आफ्नै 'ब्रान्ड', आकर्षक 'लेबल' र गुणस्तरीय 'प्याकेजिङ'सहित उपभोक्तामाझ पुग्न थालेका थालेका छन्। तनहुँमा उत्पादन हुने कृषिउपजले पछिल्ला वर्षमा बजारमा नयाँ पहिचान बनाएर 'ब्राण्डिङ' गरी उपभोक्तासम्म पुऱ्याउन थालिएको छ। कृषि विकास कार्यालयले आर्थिक वर्ष २०८२/८३ मा कृषि उद्यम विकास कार्यक्रममार्फत जिल्लाका कृषि उद्यमी, समूह र सहकारीमार्फत उत्पादन हुने कृषिउपजको मूल्य अभिवृद्धि तथा बजारीकरणमा टेवा पुगेको कार्यालयका सूचना अधिकारी एवं बाली संरक्षण अधिकृत किरण परियारले जानकारी दिनुभयो। "कार्यक्रमअन्तर्गत किसानद्वारा उत्पादित उपजको ब्रान्डिङ, लेबलिङ, प्याकेजिङ र बजार प्रवर्द्धनमा प्राविधिक तथा आर्थिक सहयोग उपलब्ध गराउदै आएका छौँ", उहाँले भन्नुभयो, "यस कार्यक्रमअन्तर्गत बेसार, अदुवा, मह, सातु, तोरीको तेल, मकै, फापर, कोदो, गहुँ तथा चामलको पिठो, प्रशोधित चामल, मकैजन्य परिकार तथा विभिन्न दलहन र गैँडागुडीजस्ता उत्पादन बजारमा आकर्षक रुपमा सामग्री उपलब्ध गराउन थालिएको छ।"

उपजको गुणस्तरप्रति उपभोक्ताको विश्वास बढाउनुका साथै किसानले उत्पादन गरेका वस्तुको मूल्य पाउने अवस्था सिर्जना हुने गरेको परियारको भनाइ छ। कृषि क्षेत्रमा उत्पादन बढाउनेभन्दा पनि त्यसको मूल्य अभिवृद्धि गरी बजारसम्म पुऱ्याउने चुनौती रहँदै आएकोमा यस कार्यक्रम प्रभावकारी देखिएको उहाँले बताउनुभयो। "स्थानीय उत्पादनलाई ब्रान्डसहित बिक्री गर्न थालेपछि बजार विस्तार हुनुका साथै कृषि उद्यम व्यवसायको रुपमा विकास हुने र यसले आत्मविश्वास बढाउदै आर्थिक रुपमा सबल बनाउने पनि सहयोग पुग्ने गरेको उहाँले बताउनुभयो। "बजारमा आयातिय वस्तुसँग स्थानीय उत्पादनलाई प्रतिस्पर्धी बनाउन ब्रान्डिङ, लेबलिङ र प्याकेजिङ अपरिहार्य बनेको छ", बाली संरक्षण अधिकृत परियारले भन्नुभयो, "यस कार्यक्रमले किसानको उत्पादनलाई पहिचान निर्धारण गर्नुका साथै बजारसँग जोड्ने प्रभावकारी माध्यम पनि बनेको छ।" यस कार्यक्रमले किसानको सहभागिता अपेक्षाअनुसार बढाउन प्रोत्साहन गर्ने अपेक्षा गरिएको कार्यालयले जनाएको छ। अधिकांश किसान अझै परम्परागत उत्पादन तथा बिक्री गरिरहेकाले सीमित सहभागिताका बाबजुत कार्यक्रमले स्थानीय उत्पादनको व्यवसायीकरण, मूल्य अभिवृद्धि र बजारीकरणमा सकारात्मक प्रभाव पारेको देखिएको कार्यालयले जनाएको छ। किसानको आम्दानी वृद्धि गर्दै उत्पादन बढाउनु मात्र पर्याप्त नभएर उत्पादनलाई प्रशोधन, ब्रान्डिङ र गुणस्तरीय प्याकेजिङ गरी बजारको मागअनुसार बिक्री वितरण गर्न सके मात्रै कृषि व्यवसायलाई दिगो बनाउन सकिने भएकाले कार्यालयले यस कार्यक्रमलाई प्राथमिकताका साथ अगाडि बढाइरहेको सूचना अधिकारी परियारले बताउनुभयो। कृषि विकास कार्यालयले आगामी आर्थिक वर्षमा यस्ता प्याकेजिङसहितको कार्यक्रमलाई थप विस्तार गर्दै बढीभन्दा बढी किसान, कृषि उद्यमी र सहकारीलाई समेट्ने तयारी गरेको छ। स्थानीय उत्पादनलाई राष्ट्रिय बजारमा स्थापित गर्न ब्रान्डिङ र मूल्य अभिवृद्धिमा केन्द्रित कार्यक्रमले ग्रामीण अर्थतन्त्रलाई बढाएर यस पेसा तथा व्यवसायमा युवालाई आकर्षण गर्न महत्वपूर्ण भूमिका खेल्ने अपेक्षा गरिएको छ। तनहुँको घिरिङ गाउँपालिकाको सुन्धारा महिला समूह र भिमाद नगरपालकाको सिद्ध बहुउद्देश्य सहकारी संस्थामा आबद्ध कृषकले बेसारको प्याकेजिङ गर्दै आएका छन्। प्याकेजिङ, लेबलिङ गरिएका बेसारमा बजारमा उपलब्ध गराउदै आएका छन्। शुक्लागण्डी नगरपालिकामा शुक्लागण्डकी सातु उद्योगले स्थानीयउपज सङ्कलन गरी सातु उत्पादन गरी प्याकेजिङको काम गर्दै आएको छ।

व्यास नगरपालिका-१२ छिर्केनेस्थित मित्र राइस मिलले चामलको प्याकेजिङ गरी ब्राण्डिङको काम गर्दै आएको छ भने भानु-१ मा तोरीको तेल उत्पादन गरिँदै आइरहेको छ।

आँबुखैरेनी गाउँपालिकाका विभिन्न कृषक समूहले कोदोको पिठो, मकैको च्याख्ला, दालजन्य वस्तुलाई प्याकेजिङ र ब्राण्डिङ गरी बजार उपलब्ध गराउँदै आएका कृषि विकास कार्यालयले जनाएको छ। यसलाई थप व्यावसायिक र गुणस्तरीय बनाउनका लागि खाद्य डिभिजन कार्यालयसँग समन्वय गरी अनुज्ञपत्र उपलब्ध गराउने कार्यमा कार्यालयले समन्वय गरिरहेको जनाइएको छ।

यस कार्यक्रमले ग्रामीण खाद्यवस्तुको उत्पादनलाई प्रोत्साहन गर्नुका साथै बजार मूल्यको अस्थिरता, प्राकृतिक विपद्, जलवायु परिवर्तनको असर, कृषि बिमाको सीमित पहुँच, भण्डारण तथा चिस्यान केन्द्रको अभाव र उत्पादनको उचित बजार व्यवस्थापन अझै चुनौतीपूर्ण रहेको छ।

# तमु 'भाषा र लिपि पुस्तान्तरण' अभियान

**पोखरापत्र संवाददाता**
तनहुँ, २३ असार

बढ्दो आधुनिकीकरण र पश्चिमा संस्कृतिको प्रभावका कारण स्थानीय भाषा र लिपि लोप हुने अवस्थामा पुगेसँगै संरक्षणमा चुनौतीपूर्ण बनेको छ। तनहुँमा पुस्तान्तरणमार्फत तमु (गुरुङ) भाषा र संस्कृतिको संरक्षण गर्ने उद्देश्यले भाषा तथा लिपि पुस्तान्तरण अभियान सञ्चालन गरिएको हो।

जिल्लाको व्यास नगरपालिका-१ विज्ञानचौरस्थित आदिकवि भानुभक्त क्याम्पसले आन्तरिक स्रोतबाट तमु (गुरुङ) भाषा र लिपिको संरक्षणका लागि ऐतिहासिक प्रयास थालेको छ। क्याम्पसले आन्तरिक आर्थिक स्रोतसाधनमार्फत मुलुकमा पहिलो पटक 'तमु भाषा तथा लिपि प्रशिक्षक प्रशिक्षण तालिम' सुरुआत गरेको क्याम्पस प्रमुख महाप्रसाद हड्खलेले जानकारी दिनुभयो।

"क्याम्पसअन्तर्गत आदिवासी जनजाति भाषा तथा संस्कृति संवर्द्धन एवं विकास समितिको आयोजनामा प्रशिक्षण सञ्चालन गरिएको हो", उहाँले भन्नुभयो, "प्रशिक्षक प्रशिक्षणपश्चात् आ-आफ्नो स्थानीय तहमा तमु भाषा र लिपिको प्रशिक्षण अभियान सञ्चालन गर्ने उद्देश्य राखिएको छ।" जिल्लाभरका पालिकाबाट प्रतिनिधित्व गरेका प्रशिक्षार्थीका लागि क्याम्पसको छात्राबासमा बसोबासको व्यवस्था मिलाइएको क्याम्पस प्रमुख हड्खलेले बताउनुभयो। "मातृभाषा, संस्कार, संस्कृति हाम्रा अमूल्य सम्पदा हुन्। यी सम्पदाको संरक्षणका निम्ति क्याम्पसमा केही वर्षदेखि विभिन्न भाषा, लिपि, संस्कृति संरक्षण र प्रवर्द्धन गर्दै भाषिक अध्ययनको केन्द्रको रूपमा विकास गर्ने लक्ष्य लिइएका छौँ", उहाँले भन्नुभयो, "यसले हाम्रा अमूल्य सम्पत्तिको संरक्षणमा टेवा पुग्नेछ।" 'तमु भाषा, साहित्य, कला तथा संस्कृति वर्ष २०२६'का रूपमा गुरुङ समुदायको अध्ययन तथा प्रशिक्षणलाई जोड दिइएको उहाँले बताउनुभयो।

पर्यटनविद् एवं सम्पदा नेपालका अध्यक्ष हरिसिं गुरुङले भाषा संरक्षणको जिम्मेवारी राज्य वा संस्थाको मात्र नभई समुदाय र नयाँ पुस्ताको पनि भएकाले पुस्ता हस्तान्तरणलाई प्राथमिकता दिइएको बताउनुभयो। यसबाट भाषा संरक्षणको प्रयास सीमित व्यक्तिमा मात्र नभई समुदायस्तरसम्म विस्तार हुने अपेक्षा गरिएको गुरुङले बताउनुभयो। "रोधी, घाटु, सोरठी तथा कृष्णचरित्रजस्ता गुरुङ सांस्कृतिक सम्पदा केबल मनोरञ्जनका माध्यम मात्र नभई सभ्यता र पहिचानका जीवित दस्तावेज हो", उहाँले भन्नुभयो, "प्रशिक्षार्थीले यिनको संरक्षणमा निर्णायक भूमिका खेल्नुपर्नेछ।"

व्यास प्रतिष्ठानका उपकुलपति काशीनाथ न्यौपानेले युवा पुस्तामा मातृभाषा बोल्ने र लेख्ने क्षमता क्रमशः घट्दै गएकोप्रति चिन्ता व्यक्त गर्नुभयो। उहाँले भाषा हराउनु भनेको समुदायको पहिचान हराउनु पनि भएको संरक्षणको कदमले उत्साह थपिने बताउनुभयो। क्याम्पस व्यवस्थापन समितिका अध्यक्ष बहादुर सुनारले भाषा, संस्कृति, कला र साहित्यको संरक्षण सम्पूर्ण समुदायको साझा जिम्मेवारी भएको बताउनुभयो।

क्याम्पसले गत वर्ष मगर भाषाको संरक्षणका लागि कार्यक्रम सञ्चालन गरेको र यस वर्ष गुरुङ भाषा तथा संस्कृतिको प्रवर्द्धनमा केन्द्रित भएको जानकारी गराउनुभयो। आदिवासी जनजाति भाषा तथा संस्कृति संवर्द्धन एवं विकास समिति संयोजक ठाकुरबहादुर दरैले तमु भाषा र संस्कृतिलाई नयाँ पुस्तामा हस्तान्तरण गर्दै भविष्यमा संरक्षण गर्नु भएको बताउनुभयो। "भाषा बाँच्यो भने इतिहास बाँच्छ, संस्कृति बाँच्छ र समुदायको पहिचान पनि जोगिन्छ", उहाँले भन्नुभयो। जिल्लाका ३० प्रशिक्षार्थीलाई गुरुङ भाषा र लिपिका सम्बन्धमा हरिसिंह गुरुङ र गुरुङ लिपि विज्ञ भीमबहादुर गुरुङले प्रशिक्षण दिइरहनुभएको छ।


## नागरिक पारदर्शिताको लागि सार्वजनिक सूचना

**पोखरा महानगरपालिका वडा नं. १३ दोबाटो बाँसवारी बाटो स्तरोन्नती गर्दा निम्न अनुसारको आम्दानी तथा खर्च भएको सम्बन्धित सबैको जानकारी तथा नागरिक पारदर्शिताको लागि यो सूचना प्रकाशित गरिएको छ।**

योजनाको नाम : दोबाटो बाँसवारी बाटो स्तरोन्नती
उपभोक्ता समितिको नाम : दोबाटो बाँसवारी बाटो स्तरोन्नती उपभोक्ता समिति, पोखरा-१३, कास्की
उपभोक्ता समितिको अध्यक्षको नामः बिनोद बराल
सम्पर्क नं : ९८४६०३०५१०
जम्मा सदस्य संख्या : ७
महिला सदस्य संख्या : २
योजना सुरु मिति : २०८३/१/२५
सम्पन्न भएको मितिः २०८३/०३/१६
सम्पन्न हुने मितिः २०८३/०३/१५
महानगरपालिकाबाट : रु. ५,००,०००/-
जनसहभागिता : रु. ५६,१०३/-
योजनाको कुल लागत : रु. ५,५६,१०३/-



## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. १७, सेतीनदी तटबन्धन योजना निर्माण गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

योजनाको नामः सेतीनदी तटबन्धन योजना
ठेगानाः पोखरा-१७, दोविल्ला
योजना सम्झौता मिति : २०८३/०१/३० गते
योजना सम्पन्न भएको मितिः २०८३/०२/३० गते
योजनाको कुल लागतः रु. ११,१४,५०४.९१
महानगरपालिकाबाटः रु. १०,००,०००।-
जनसहभागिताबाटः रु. १,१४,५०४.९१
उपभोक्ता समिति अध्यक्षः रामकुमार राना
सम्पर्क नं.: ९८५६०६४५२६
उपभोक्ता समिति सदस्यः ११ जना महिलाः ४ पुरुषः ७ जना

**सेतीनदी तटबन्धन योजना उपभोक्ता समिति पोखरा-१७**



## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. १७, ओशो उपवन ढलान बाटो निर्माण गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

योजनाको नामः ओशो उपवन ढलान बाटो निर्माण
ठेगानाः पोखरा-१७, दोविल्ला
योजना सम्झौता मिति : २०८३/०१/३० गते
योजना सम्पन्न भएको मितिः २०८३/०२/३० गते
योजनाको कुल लागतः रु. ११,१५,७८८.७७
महानगरपालिकाबाटः रु. १०,००,०००।-
जनसहभागिताबाटः रु. १,१५,७८८.७७
उपभोक्ता समिति अध्यक्षः विष्णु गिरी
सम्पर्क नं.: ९८४६५३१५२५
उपभोक्ता समिति सदस्यः ९ जना महिलाः ३ पुरुषः ६ जना

**ओशो उपवन ढलान बाटो निर्माण उपभोक्ता समिति पोखरा-१७**



## नागरिक पारदर्शिताको लागि सार्वजनिक सूचना

**पोखरा महानगरपालिका वडा नं. १४ राधाकृष्ण टोल स्थित विष्णु बानियाँको जग्गा निरको बाटो ढलान निर्माण गर्दा निम्न अनुसारको आम्दानी तथा खर्च भएको सम्बन्धित सबैको जानकारी तथा नागरिक पारदर्शिताको लागि यो सूचना प्रकाशित गरिएको छ।**

योजनाको नाम : राधाकृष्ण टोलको विष्णु बानियाँको जग्गा निरको बाटो ढलान
उपभोक्ता समितिको नाम : राधाकृष्ण टोलको विष्णु बानियाँको जग्गा निरको बाटो ढलान उपभोक्ता समिति, पोखरा-१४, कास्की
उपभोक्ता समितिको अध्यक्षको नामः मिरा गुरुङ श्रेष्ठ
सम्पर्क नं : ९८०६११४०६२
जम्मा सदस्य संख्या : ७, महिला सदस्य संख्या : २
योजना सम्झौता मिति : २०८३/१/२८
योजना सुरु मिति : २०८३/१/२८
सम्पन्न भएको मितिः २०८३/०३/१५
महानगरपालिकाबाट : रु. ६,००,०००/-
जनसहभागिता : रु. ६६,६६६/६७
योजनाको कुल लागत : रु. ६,६६,६६६/६७


# शुक्लागण्डकीका किसानलाई कृषि उपकरण

**पोखरापत्र संवाददाता**
तनहुँ, २३ असार

शुक्लागण्डकी नगरपालिकाले कृषि क्षेत्रको उत्पादकत्व वृद्धि गर्ने उद्देश्यले कृषि उपकरण वितरण गरेको छ।

प्रदेश सरकारबाट उपलब्ध विशेष अनुदानअन्तर्गत नगरपालिकाको ५० प्रतिशत अनुदानमा रु ८२ लाखको कृषि उपकरण कृषि समूह तथा कृषि फर्मलाई वितरण गरिएको हो।

कृषकको मागअनुसार कृषि यान्त्रिकीकरणका निम्ति आवश्यक कृषक र कृषि उद्यमीलाई समेट्ने गरी खरिद गरी कूल १४० वटा विभिन्न प्रकारका आधुनिक कृषि उपकरण हस्तान्तरण गरिएको शुक्लागण्डकी नगरपालिकाका प्रमुख कृष्णराज पण्डितले जानकारी दिनुभयो।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. १७, दोविल्ला स्मृति पार्क क्रियापुत्री भवन निर्माण गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

योजनाको नामः दोविल्ला स्मृति पार्क क्रियापुत्री भवन निर्माण
ठेगानाः पोखरा-१७
योजना सम्झौता मिति : २०८३/०१/३० गते
योजना सुरु मितिः २०८३/०१/३१ गते
योजना सम्पन्न भएको मितिः २०८३/०२/३० गते
योजनाको कुल लागतः रु. ८,८८,९१८.६८
महानगरपालिकाबाटः रु. ८,००,०००।-
जनसहभागिताबाटः रु. ८८९१८.६८
उपभोक्ता समिति अध्यक्षः शिला देवि गिरी
सम्पर्क नं.: ९८४६५०२०७२
उपभोक्ता समिति सदस्यः ९ जना महिलाः ४ पुरुषः ५ जना

**दोविल्ला स्मृति पार्क क्रियापुत्री भवन निर्माण उपभोक्ता समिति पोखरा-१७**



## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. १७, दोविल्ला खानेपानी योजना निर्माण गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

योजनाको नामः दोविल्ला खानेपानी योजना
ठेगानाः पोखरा-१७
योजना सम्झौता मिति : २०८३/०१/३० गते
योजना सुरु मितिः २०८३/०१/३१ गते
योजना सम्पन्न भएको मितिः २०८३/०२/३० गते
योजनाको कुल लागतः रु. ५,८३,८९९।-
महानगरपालिकाबाटः रु. ५,२५,०००।-
जनसहभागिताबाटः रु. ५८,८९९
उपभोक्ता समिति अध्यक्षः गौतम बहादुर गिरी
सम्पर्क नं.: ९८२६१६८३३३
उपभोक्ता समिति सदस्यः ९ जना महिलाः ३ पुरुषः ६ जना

**दोविल्ला खानेपानी योजना उपभोक्ता समिति पोखरा-१७**



## एउटै व्यक्ति भएको सूचना



कास्की जिल्ला, पोखरा महानगरपालिका वडा नं. १२ निवासी भारतीय भु.पु.सै.न. ६१७२२४N सुवेदार विन्द्र बहादुर रानाको श्रीमती दुर्गा रानाको नेपाली नागरिकता प्रमाण पत्रमा नामथर दुर्गा राना, जन्म मिति वि.स. २०१८।०४।२८ तदानुसार ई.स. १९६१-०८-१२ भएको र पेन्सन अभिलेखमा नामथर दुर्गा कुमारी थापा, जन्म मिति ई.स. १९५९-०५-१५ उल्लेख भई फरक परेतापनि उल्लेखित फरक जन्म मिति भएको व्यक्ति फरक नभई एउटै व्यक्ति भएको बेहोरा अनुरोध छ भनि पोखरा महानगरपालिका ३१ नं. वडा कार्यालयको च.न. ३१६५ मिति २०८३।०३।१८ को सिफारिस पत्रबाट लेखी आएको हुदाँ सम्बन्धित निकायको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**जिल्ला प्रशासन कार्यालय कास्की**